## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०६ फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले दुई दिवसीय बंगाल ग्लोबल बिजनेस समिट (बीजीबीएस) मा राज्यलाई 4.40 लाख करोड़ रूपियाँको निवेश प्रस्ताव प्राप्त भएको बताउनु भएको छ।

२. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनार्जीले चिया बगानको 30 प्रतिशतसम्म जमिनमा टि टुरिजम गर्न सक्ने घोषणाको पहाडमा विरोध शुरु भएको छ।

३. पहाडको सुन्दरता, हरियाली, फराकिलो ठाउँ बिगार्ने योजनाहरुको म विरोध गर्नेछु भनी गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले बताउनु भएको छ|

४. विपक्षका नेता शुभेन्दु अधिकारीले राज्य सरकारको असहयोग नीतिको कारणले बंगालमा हवाईअड्डाहरूको विकासमा बाधा आइरहेको आरोप लगाउनु भएको छ।

५. सिलगढ़ी मेट्रोपोलिटन पुलिसले 10 लाख रुपियाँ मूल्य बराबरको हराएका 55 वटा मोबाइलहरूलाई जफ्त गरी मालिकहरूलाई फर्काइदिएका छन्।

**दुई दिवसीय बंगाल ग्लोबल बिजनेस समिट**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले दुई दिवसीय बंगाल ग्लोबल बिजनेस समिट (बीजीबीएस) मा राज्यलाई 4.40 लाख करोड़ रूपियाँको निवेश प्रस्ताव प्राप्त भएको बताउनु भएको छ। उहाँले भन्नु भएको छ, विभिन्न क्षेत्रहरू कूल 212 समक्षौता ज्ञापन (एमओयू) र आशय पत्र (एलओआई) मा हस्ताक्षर गरिएको छ, जसले राज्यको निवेश क्षमतालाई दर्शाउँछ।दुई दिवसीय सम्मेलनको अन्तिम दिन मंचमा सम्बोधन गर्नु हुँदै मुख्यमन्त्रीले भन्नु भयो, हामीलाई दुई दिवसीय कार्यक्रममा 4.40 लाख करोड़ रूपियाँको निवेश प्रस्ताव प्राप्त भएको छ। यसबाट पश्चिम बंगालमा हजारौं रोजगारको अवसर सृजित हुनेछ।उल्लेख्य, बंगाल ग्लोबल बिजनेस समिट (बीजीबीएस) पश्चिम बंगाल सरकारको एक प्रमुख आयोजन हो, जसको उद्देश्य नीति निर्माताहरू, कोर्पोरेट नेताहरू, उद्यमीहरू, शिक्षाविदहरू र थिंक-ट्याङ्कहरूलाई एक मंचमा ल्याउनु हो। यस वर्ष 5-6 फरवरीमा कोलकातामा आयोजित यस समिटको यो आठौं संस्करण थियो। समिटमा प्लेनरी सत्र, क्षेत्रीय सत्र, देश विशेष सत्र र बीटूबी एवं बीटूजी बैठकहरू सामेल थिए, जसको उद्देश्य नेटवर्कको विस्तार गर्नु र सम्भावित साझेदारहरूलाई भेट्नु थियो। सम्मेलनमा रिलायन्स, नेवटिया, अम्बुजा, आरपी संजीव गोयनका सहित अन्य ठूला औद्योगिक घरानाहरूले ठूलो निवेशको घोषणा गरेका छन्।

****** ० ******

**मुख्यमन्त्रीको घोषणाको विरोध**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनार्जीले बंगाल विश्वव्यापी व्यापार शिखर सम्मेलनबाट चिया बगानमा टि टुरिजमलाई बढावा दिन 15 प्रतिशत जमिन देखि बडाएर 30 प्रतिशतसम्म जमिनमा टि टुरिजम गर्न सक्ने घोषणा हिजो गैनु भएको थियो। मुख्यमन्त्रीद्वारा यो घोषणा हुन साथ दार्जीलिङ पहाडका राजनैतिक दलहरुले यसको विरोध जनाउन थालेका छन्। दार्जीलिङ जिल्ला चिया बगान श्रमिक संगठनका सभापति समन पाठकले यस घोषणाको घोर विरोध जनाउँदै यसलाई रोक्न सडकमा ओर्लने समेत चेतावनी दिनु भएको छ। टि टुरिजमले चियाबगानका श्रमिकहरुलाई केही फाइदा गर्दैन त्यसैले मुख्यमन्त्रीको यो घोषणाको हामी विरोध गर्छौं भन्दै क्रामाकपा पार्टीको पक्षबाट सुनिल राईले बताउनु भएको छ।यसरी नै सांसद राजु विष्टले पनि मुख्यमन्त्री ममता ब्यानर्जीको यस घोषणालाई एकदमै खतरनाक प्रस्ताव रहेको बताउनु भएको छ| उहाँले भन्नु भयो, यदि यो नीतिलाई हाम्रो दार्जिलिङ पहाड़, तराई अनि डुवर्सका मूल निवासी गोर्खाहरू, आदिवासी, राजवंशी, राभा, कोचे, मेचे, टोटो, बङ्गाली अनि अन्य समुदायहरूका पारम्परिक भूमि अधिकारहरूको संरक्षण नगरिकन लागू गर्ने अनुमति दिइयो भने यहाँका निवासीहरु घरविहीन हुने डरले सताइरहेको बताउनु भएको छ।

यसका साथै यो 30 प्रतिशतबाट आफ्नो जमिन जोगाउँनु हो भने झट्ट चिया श्रमिकहरूले हाल चलिरहेको जमिनको सर्वे गर्न दिनपर्छ। नत्र चिया श्रमिकहरूले ठूलो नोक्सानी भोग्नुपर्छ भन्ने भागोप्रमो पार्टीको पक्षबाट एसपी शर्माको भनाई रहेको छ।

****** ० ******

## अनित थापा

पहाडको सुन्दरता, हरियाली, फराकिलो ठाउँ बिगार्ने योजनाहरुको म विरोध गर्नेछु। मलाई पहाड बचाउँनु छ भनी गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको प्रमुख कार्यपाल अनित थापाले बताउनु भएको छ| उहाँले खरसांगस्थित गौरीशंकरको एक कार्यक्रममा मुख्यमन्त्रीको नाम अनि 3० प्रतिशत जमीन चिया पर्यटनलाई दिने नीतिको नाम नलिई उक्त कुरा बताउनु भएको छ|

****** ० ******

## शुभेन्दु अधिकारी

पश्चिम बंगाल विधानसभामा विपक्षका नेता शुभेन्दु अधिकारीले राज्य सरकारको असहयोग नीतिको कारणले बंगालमा हवाईअड्डाहरूको विकासमा बाधा आइरहेको आरोप लगाउनु भएको छ। उहाँले यस सम्बन्धमा केही उदाहरणहरू प्रस्तुत गर्नु भयो।भारतीय जनता पार्टी (भाजपा)- का नेताले भन्नु भयो, राज्य सरकारको सहयोगको अभावमा पश्चिम बंगालको सबैभन्दा ठूलो हवाईअड्डा नेताजी सुभाष चन्द्र बोस अन्तरराष्ट्रिय हवाईअड्डाको विस्तारमा अड्चन आइरहेको छ। उहाँले बताउनु भएको छ, केन्द्र सरकारको नागरिक उड्डयन मन्त्रालयले पछिल्लो लामो समयदेखिकै यस हवाईअड्डाको बुनियादी ढाँचाको विस्तारको लागि भूमि उपलब्ध गराउने माग गरिरहेको छ, तर राज्य सरकारको पक्षबाट कुनै सकारात्कम प्रतिक्रिया प्राप्त भएको छैन।श्री शुभेन्दु अधिकारीले भन्नु भयो, यसको लागि केन्द्र सरकारले हवाईअड्डा द्वितीयक रनवे (19-आर)-स्थित मस्जिदको पुनर्वास तथा मजार नजिक परिचालन सीमा पर्खाल निर्माण गर्न सहयोग मागेको थियो, तर पश्चिम बंगाल सरकारले यसको जवाफ दिएन।उहाँले यो पनि दाबी गर्नु भयो, पूर्व नागरिक उड्डयन मन्त्रीहरूद्वारा कोलकाता नजिक दोस्रो हवाईअड्डा बनाउनको लागि मुख्यमन्त्री ममता ब्यनर्जीलाई केही पत्र पठाए, तर यसमा पनि कुनै सकारात्मक प्रतिक्रिया आएन।

****** ० ******

## पुलिसले हराएका मोबाइलहरू मालिकलाई फर्काए

सिलगढ़ी मेट्रोपोलिटन पुलिसले हराएका 55 वटा मोबाइलहरूलाई जफ्त गरी मालिकहरूलाई फर्काइदिए। यी मोबाइलहरूको मूल्य 10 लाख रुपियाँ रहेको बताइएको छ। सिलगढ़ी पुलिस थानामा आज पत्रकार सम्मेलनको माध्यमबाट डीसीपी ईस्ट राकेश सिंहले मालिकहरूलाई मोबाइल फर्काउँदा उनीहरूको अनुहारा मुस्कान देखियो। यस अवधि सिलगढ़ी थाना प्रभारी प्रसनजित विश्वास अनि खालपाड़ा र पानीट्याङ्की चौकी ओसीसहित केही पुलिस अधिकारीहरू उपस्थित थिए।वास्तवमा सिलगढ़ी थाना, खालपाड़ा औ पानीट्याङ्की चौकीमा विगत पाँचदेखि छः महिनाको अन्तरालमा धेरैवटा मोबाइलहरू हराएको सिकायत दर्ता गरिएको थियो। यसै सिकायतको आधारमा पुलिसकर्मीहरूले मोबाइल खोज्न शुरू गरे। अन्ततः लगभग 55 वटा मोबाइल फोन जफत गरियो जसको मूल्य दश लाख रुपियाँ रहेको बताइएको छ।

****** ० ******

## रंगीत मझुवामा मुख्य अभियन्ताको स्थलगत निरिक्षणमा

रंगीत मझुवामा विगत केही महीनादेखि मानेभञ्ज्याङदेखि रंगीत मझुवा तामाङ गाउँसम्मको लगभग 4 किलोमिटर सडक निर्माणको निम्ति आन्दोलित बनेका रंगीत मझुवा डेभलपमेन्ट एसोसिएसनको मागलाई बुझ्नको निम्ति जीटिएका प्रमुख कार्यपाल अनित थापाको निर्देशमा आज जीटिएका मुख्य अभियन्ता स्थलगत निरिक्षणमा पुगनु भएको थियो। स्थलगत निरिक्षणमा आएका मुख्य अभियन्ताले स्थानीयहरुको मन्तब्य सुनेपछि उक्त बाटोको समस्या समाधानको निम्ति विभागीय पहल अघिबाट नै शुरु भएर चुडान्त मोडमा पुगिसकेको उपस्थित सबैलाई जानकारी गराउनु भएको छ। स्मरण गराईन्छ रंगीत मझुवा क्षेत्रमा भएका विभिन्न समाज, क्लब, संघ- संस्था, मटोर चालक संगठन, टुरिजम् संगठन आदि मिलेर बनेको रंगीत मझुवा डेभलपमेन्ट एसोसिएसनद्वारा गरिएको मागलाई सुनेर पहल गरिदिएकोमा जिटिए प्रमुखलाई धन्यवाद दिँदै संगठनले विगत दिनहरुमा उक्त सडक निर्माणको निम्ति भएको पटक पटकको धोखाधडी यसपल्ट नहोस् भन्दै यथाशीघ्र टेन्डर नोटिस् जारी गरिदिने संगठनले सम्बन्धित विभागलाई अनुरोध गरेका छन्|

****** ० ******

**विस्फोटमा दुईजना नाबालिक घाइते**

मालदह जिल्लाको रतुआ थाना अन्तर्गत हल्दीबाड़ी क्षेत्रमा आज अपरान्ह मकैको खेतमा भएको विस्फोटमा दुईजना नाबालिक गम्भीर रूपमा घाइते भए। आज अपरान्ह समीर अख्तर (13 वर्ष) औ मोहम्मद इम्तियाज (नौ वर्ष) घाँस काट्नका लागि खेतमा गएका थिए जुन उनीहरूको घरदेखि मात्र 500 मीटरको दूरीमा अवस्थित छ। घटनापछि स्थानीय मानिसहरूले तत्काल घाइते बालकहरूलाई रतुआ ग्रामीण अस्पतालमा पुऱ्याए जहाँबाट उनीहरूको गम्भीर अवस्थालाई ध्यानमा राखेर मालदह मेडिकल कलेज एवं अस्पतालमा रेफर गरिदियो। यहाँ उनीहरूको गम्भीर अवस्थामा उपचार भइरहेको छ।रतुआ थानाको पुलिसले घटनास्थलमा पुगेर जाँच शुरू गरेको छ जसमा यो पत्तो लगाउने प्रयास गरिँदैछ, बम कुनै उद्देश्यले खेतमा लुकाएर राखिएको थियो। बम निरोधक दलले वरपरका क्षेत्रहरूमा सम्भावित अन्य बमहरूको खोजी गरिरहेको छ।

****** ० ******

**आरजीकर मेडिकल वित्तीय अनियमितता मामिला**

आरजीकर मेडिकल कलेज एवं अस्पतालमा करोड़ौं रुपियाँको वित्तीय अनियमितता मामिलामा आरोप तय गर्ने प्रक्रियालाई टार्ने दुई असफल प्रयासपछि पूर्व प्रिन्सिपल सन्दीप घोष र अन्य आरोपीहरूले अब कलकत्ता हाई कोर्टको डिभीजन बेञ्चको शरण लिएका छन्।न्यायमूर्ति जयमाल्य बागची र न्यायमूर्ति शुभेन्दु सामन्ताको डिभीजन बेञ्चले उनको याचिकालाई स्वीकार गर्दै आज अपरान्ह सुनवाई गर्ने निर्धारण गरेको थियो।

****** ० ******

**श्रमिक संगठन**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको श्रमिक संगठन हिल तराई डुवर्स प्लान्टेशन वर्कर्स युनियन नरबुङ युनिटको कमिटी गठन गरिएको छ। कमिटी गठनलाई लिएर भागोप्रमो नरबुङ शाखाको सभापति प्रणय देवानको अध्यक्षतामा सभा बसेको थियो। उक्त कमिटीमा सभापति विकास गुरुङ, उप सभापति बिक्रम राई, कुन्ती राई र माया राई, सचिव रोशन सुब्बा, सह सचिव अञ्जान प्रधान, पूजा बराईली र मैया प्रधान, प्रचार प्रसार युवराज बिक्रम छेत्री तथा सल्लाहकारहरू राजेश थापा, प्रणय देवान, मातृका देवान, सजित राई, अम्बिका देवान लगायत 15 जनाको कार्यकारी सदस्यहरू सामेल छन्।नरबुङ युनिटको कमिटी गठन गरिएपछि यस कमिटीले तीनधारे महानदी समष्टिको जोनल कमिटीको संयोजक राजेश थापाको अगुवाईमा नरबुङ चियाबारीको प्रबन्धक बप्पा दत्तसँग भेट गरी चियाबारी श्रमिकहरुका विभिन्न समस्याहरु विषयमा ज्ञापन पत्र चढाएको छ।

**जीटीए आइडललाई लिएर सभा**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) द्वारा आयोजना भइरहेको जीटीए आइडललाई लिएर टुङ-सन्तमेरिज समष्टिको सभा सम्पन्न भएको छ। उक्त सभा जीटीए आइडल 2025 समष्टि समिति सभापति बुद्ध थामीको सभापतित्वमा सम्पन्न भयो। सभामा सूचना एवं सांस्कृतिक विभाग, जीटीएका कार्यकारी सभासद अनोश थापाको विशेष उपस्थिति रहेको थियो। यसैगरी, समष्टिका सभासद तथा जीटीए आइडल समष्टि समितिका संयोजक नुरी शेर्पाको पनि उपस्थित थिइन्। सभाको औचित्य समष्टि स्तरमा जीटीए आइडल गायन प्रतियोगिता आयोजना विषय चर्चा गर्नु रहेको थियो। यो गायन प्रतियोगिता केवल प्रतियोगितासम्म मात्र सिमित नरहेर यसलाई एक क्रान्तिको रुपमा लिइएको सभासद अनोश थापाले मन्तव्य प्रकट गर्नु भएको छ। उहाँले आफ्नै माटो र पहाडका गीत-संगीतहरुलाई प्रोत्साहन प्रदान गर्न सो कार्यक्रम आयोजना भइरहेको बताउनु भएको छ।समष्टि सभासद नुरी शेर्पाले पनि सभालाई सम्बोधन गर्नु भएको थियो|

****** ० ******